स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अनिल योञ्जनको निर्माण तथा निर्देशन रहेको फिल्म "कुस्ती" आगामी असोज ९ गतेदेखि प्रदर्शनमा आउने भएको छ। वितरक तथा प्रदर्शकको सल्लाह अनुसार फिल्म असोजमा ल्याउने तय भएको निर्देशक योञ्जनले जानकारी दिए। काठमाडौं तथा आसपासका क्षेत्रमा छायाँन गरिएको फिल्म प्रेम कथा र कमेडी ड्रामामा निर्माण भएको हो। प्रेम गरेता पनि स्वभाव भिन्नताले एकसाथ रहन सङ्घर्ष गरिरहेको जोडीको कथालाई फिल्ममा दर्शकले देख्न पाउने बताए।

**आजको विचार...**



प्रविधि...
*(दुई पेजमा)*

श्रीप्रसाद देवकोटा

लक्ष्मण सुनार निर्देशित फिल्म "परालको आगो" ले घरेलु बक्स अफिस ३ करोड १२ लाख बढी व्यवसाय गर्न सफल भएको छ। चलचित्र विकास बोर्डले शनिबार रातिसम्मको सार्वजनिक गरेको बक्स अफिस रिपोर्टमा फिल्मको आम्दानी ३ करोड १२ लाख १७ हजार ९२ ग्रस कलेक्सन रहेको छ। यो अवधिमा फिल्मको टिकट १ लाख १० हजार ४४२ बिक्री भएको छ। प्रकाश सपुत, सुहाना थापा, सौगात मल्ल, सिर्जना अधिकारी अभिनीत फिल्म गुरुप्रसाद मैनालीको चर्चित सोही नामको कथामा आधारित छ।



❑ वर्ष ३१ ❑ अंक २७६ ❑ २०८३ बैशाख २२ गते मंगलबार 5 May 2026, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आगलागी हुँदा नौं जनाको मृत्यु



(रासस/एएफपी)

**नयाँ दिल्ली,** वैशाख २१/आइतबार बिहान दिल्लीको एक बहुतले घरमा एअर कन्डिसनर (एसी) विस्फोटपछि आगलागी हुँदा नौँ जनाको घटनास्थलमा नै मृत्यु भएको छ । आगलागीमा परी एक बालक र चार महिलासहित कम्तीमा नौ जनाको मृत्यु भएको र अन्य २० जना घाइते भएका दिल्ली प्रहरीले पुष्टि गरेको छ । पूर्वी दिल्लीको विवेक विहार इलाकामा पीडित सुतिरहेका बेला यो घटना भएको हो । एसी विस्फोटपछि लागेको आगो केही मिनेटमा नै पूरै घरमा फैलिएको प्रहरीले जनाएको छ । दुर्घटनाग्रस्त घरको विभिन्न भागबाट नौजनाको मृत शरिर निकालिएको छ । घाइतेहरुलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ । आगो नियन्त्रणका लागि दमकलसहितका १४ वटा टोली खटिएका थिए । एयर कन्डिसनरमा विस्फोट हुनुको कारण पत्ता लगाउन अनुसन्धान सुरू भइसकेको प्रहरीले जनाएको छ ।

# बुटवलका सुकुमवासी र अतिक्रमित क्षेत्र खाली गराइँदै


## विकल्पबिना बस्तीमा डोजर नचलाउन स्थानीयको आग्रह

हाम्रा संवाददाता

**बुटवल,** वैशाख २१/बुटवल उपमहानगरपालिकाले बुटवलको मुख्य बजार क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका घरटहरा खाली गराउन लागेको छ । उपमहानगरपालिकाको वैशाख १५ को बैठकले नगरका विभिन्न पाँच स्थानमा अतिक्रमण भएको निष्कर्ष निकाल्दै ती क्षेत्र खाली गराउने निर्णय गरेको हो ।

उसले सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका घरधनीलाई सार्वजनिक सूचना जारी गर्न सम्बन्धित वडा कार्यालयलाई निर्देशन गरिसकेको छ । निर्णय कार्यान्वयनका लागि वडा ४, ५, ६, ७, ८, ९ र ११ लाई उपमहानगरपालिकाले पत्राचार गरिसकेको छ । वडा कार्यालयहरूलाई आफ्नो क्षेत्रभित्र अतिक्रमण भएका स्थान पहिचान गरी तीन दिनभित्र विवरण पेश गर्न निर्देशन दिएको छ । बैठकको निर्णय अनुसार पहिलो चरणमा वडा ४ मा रहेको साबिक शोभा बोर्डिङको जग्गा, वडा ८ को श्रवण पथदेखि गौरी मेडिकल हलसम्म तथा मिलन चोकदेखि सुन्दर चोक हुँदै निर्माण व्यवसायी संघको





भवनसम्मको क्षेत्र, वडा ७ स्थित सिद्धेश्वरी माध्यमिक विद्यालयको अतिक्रमित जग्गा र बुटवलको चर्चित १६/३६ कुलोको मापदण्डभित्र निर्माण गरिएका संरचना हटाइने भएको हो । बुटवल उपमहानगरपालिका-११ अन्तर्गत पर्ने बुद्धनगर क्षेत्र अहिले त्रासमा छ । ठाउँ-ठाउँमा सरकारले विकल्पबिना सुकुम्वासी बस्तीमा डोजर चलाएपछि यहाँका स्थानीयमा पनि त्रास फैलिएको हो । त्यस क्षेत्रका बासिन्दाहरूले वास्तविक सुकुम्वासीको छानबिन गरी व्यवस्थापन नगरेसम्म पहिल्यै डोजर लगाएर हटाउन नहुने माग गरेका छन् । लामो समयसम्म उपेक्षित रहँदै आएको यो सुकुम्वासी बस्ती पछिल्लो समय पूर्व-पश्चिम राजमार्गको वैकल्पिक बाइपास मार्गका रूपमा विकसित हुँदै जाँदा यहाँको महत्व बढेको छ । तर, यही विकासको बहानामा अहिले स्थानीय बासिन्दा डोजरको त्रासमा बाँच्न बाध्य छन् । एक साताअघि बुटवलको जेसिज चोकनजिक दरबार मार्गमा रहेको उच्च अदालत तुलसीपुर बुटवल इजलासको अतिक्रमण भएको जग्गामा डोजर चलाएको उपमहानगरपालिकाले नगरभित्रका अतिक्रमित स्थानको पहिचान गरी खाली गराउने प्रक्रिया अघि बढाएको हो । पहिचान भएका स्थानमा रहेका संरचना हटाउन सम्बन्धित वडाध्यक्षको संयोजकत्वमा समिति गठन गरिएको उपमहानगरपालिकाका प्रवक्ता शिव रानाले बताए । उनका अनुसार अतिक्रमणमा परेका सार्वजनिक जग्गा, नदी कुलो अतिक्रमण गरी निर्माण गरिएका घरटहरा हटाउने अभियान सुरु भएको हो । संघीय सरकारले समेत वास्तविक सुकुमवासीको पहिचान गरी सुरक्षित रूपमा व्यवस्थापन गरेपछि मात्रै अतिक्रमित सार्वजनिक तथा सरकारी जग्गा खाली गर्ने प्रक्रिया अगाडि बढाउन स्थानीय तहरुलाई निर्देशन समेत दिइसकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहकै हुने भएकाले सहरी विकास मन्त्रालयले सम्बन्धित पालिकालाई सुकुमवासीको पहिचान गर्न र उनीहरूको सुरक्षित व्यवस्थापनको ठोस योजना बनाउन निर्देशन दिएको हो ।

*-बाँकी अन्तिम पेजमा...*

# नयाँ प्रशासनिक भवनबाट सेवा सुरु



**गुल्मी,** वैशाख २१/यहाँको छत्रकोट गाउँपालिकाले सोमबारदेखि नयाँ प्रशासनिक भवनबाट सेवा प्रवाह सुरु गरेको छ । गाउँपालिका-३ स्थित भैँडुवामा निर्मित सो भवनबाट सेवा सुरु गरिएको गाउँपालिका अध्यक्ष रामपसाद पाण्डेले जानकारी दिए ।

नवनिर्मित भवनमा सभाहल, बैठक कक्ष र कर्मचारीका लागि आवाससहित ३२ वटा कोठा छन् । चारतले उक्त भवनमा अशक्त तथा ज्येष्ठ नागरिकलाई सहज रूपमा आवतजावत गर्न लिफ्टको व्यवस्था गरिएको छ । संघीय सरकार र गाउँपालिकाको संयुक्त लगानीमा नौ करोड १० लाख ९९ हजार ४ सय ३५ को लागतमा उक्त भवन निर्माण सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले बताए । भवन निर्माणका लागि अम्बेमाँ बलदेव जेभी, भरतपुरले जिम्मा पाएको थियो । निर्माण कम्पनीले २०८२ असार ५ गतेभित्र काम सम्पन्न गर्नुपर्ने सम्झौता गरेको भए पनि निर्धारित समयभन्दा दुई महिना अघिनै भवन निर्माण सम्पन्न गरी हस्तान्तरण गरेको गाउँपालिकाले जनाएको छ । ---रासस

# कृत्रिम गन्ध प्रविधिबाट मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण प्रयास

तारानाथ आचार्य/रासस

**भैरहवा (रुपन्देही),** वैशाख २१/ तराई क्षेत्रका मध्यवर्ती बस्तीहरूमा बढ्दो मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न नवीन प्रविधिको परीक्षण थालिएको छ । बाघ र चितुवाजस्ता वन्यजन्तु मानव बस्तीमा प्रवेश गर्नबाट रोक्ने उद्देश्यले 'कृत्रिम गन्ध सङ्केत' प्रयोगमा ल्याइएको हो ।

तराई भूपरिधि तथा संरक्षण कार्यक्रमअन्तर्गत गत वर्षदेखि सुरु गरिएको यो प्रविधिले वन्यजन्तुको प्राकृतिक व्यवहारलाई आधार मानेर 'अदृश्य सीमा' निर्माण गर्ने लक्ष्य लिएको कार्यक्रमका प्रबन्धक भरत भट्टले जानकारी दिए । उनका अनुसार बाघ र चितुवाले आफ्नो क्षेत्र निर्धारण गर्न पिसाब वा नङले कोतरेर गन्ध छाड्ने गर्छन् । यही प्रक्रियालाई अनुसरण गर्दै कृत्रिम गन्ध प्रयोग गर्दा जनावरलाई आफ्नो क्षेत्रमा अर्को प्रतिस्पर्धी आएको



भान हुन्छ र उनीहरू त्यहाँबाट टाढा सर्ने गर्छन् ।"मानव बस्तीमा वन्यजन्तु प्रवेश नगरुन् भन्ने उद्देश्यले ३० वटा रणनीतिक स्थानमा क्यामेरा र विशेष प्रकारका 'डिस्पेन्सर' जडान गरिएको छ", भट्टले भने, "यी उपकरणले निश्चित गन्ध फैलाएर जनावरलाई फर्कन बाध्य बनाउँछन् ।" भट्टका अनुसार प्रयोग गरिएका गन्ध कुनै पनि हिसाबले हानिकारक छैनन् । यसले मानिस र वन्यजन्तु दुवैलाई असर नगर्ने बताइएको छ । प्रारम्भिक अध्ययनमा विभिन्न प्रकारका गन्धमध्ये केहीले चितुवा र बाघलाई प्रभावकारी रूपमा रोक्न सफल भएको देखिएको छ । गत वर्ष गरिएको परीक्षणमा दुई प्रकारका गन्धले चितुवालाई, दुईले बाघलाई तथा एउटाले दुवै प्रजातिलाई रोक्न सफल भएको पाइएको भट्टले जानकारी दिए । हाल थप चारदेखि पाँच प्रकारका गन्धमा परीक्षण भइरहेको छ । कार्यक्रम अधिकृत प्रतीक शाहका अनुसार यो अनुसन्धानमूलक परियोजना पाँच वर्षका लागि सञ्चालनमा ल्याइएको हो । "चितुवा र बाघलाई मानव बस्तीबाट सुरक्षित दूरीमा राख्नु नै यस अध्ययनको मुख्य लक्ष्य हो", उनले भने, "यदि यो प्रविधि सफल भयो भने भविष्यमा मानव र वन्यजन्तुबीच स्थायी 'अदृश्य सीमा' कायम गर्न सकिन्छ ।" उनका अनुसार खाता करिडोर क्षेत्रका ३० स्थानमा जडान गरिएका स्वचालित क्यामेरामार्फत वन्यजन्तुको गतिविधि र उनीहरूको प्रतिक्रिया निरन्तर अनुगमन गरिन्छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मनसुनजन्य विपद्को पूर्वतयारी गर

प्राकृतिक विपद् बाजा बजाएर आउँदैन । यो कति बेला आउन्छ भन्ने कुनै पूर्व अनुमान गर्न सकिदैन । तथापी विपद् प्रतिकार्य योजना बनाएर तयारी अवस्थामा रहने हो भने विपद्बाट हुन सक्ने क्षतिबाट केही हदसम्म बच्न भने सकिन्छ । सामान्यतः जेठ ३० गते अर्थात जुन १३ देखि नेपालमा मनसुन सुरु हुन्छ भन्ने मान्यता रहेको छ । तर वैशाखकै पहिलो हप्तादेखि नै देशका केही ठाउँहरुमा वर्षा भइरहेको छ । यो वर्षायाम मध्य भदौसम्म रहनेछ । मौसमी चक्रअनुसार वर्षातले किसानलाई खेतीपाती गर्न तथा वातावरणलाई हरियाली बनाउन सहयोग पुग्छ । यो नियमित चक्र मात्र होइन, प्रकृतिको आशीर्वाद पनि हो । खेतीका लागि प्रत्येक थोपा वर्षा अमृत हो । तर अत्यधिक वर्षाले सिर्जना गर्ने विपद् व्यवस्थापनको तयारी नहुँदा यसले ल्याउने जोखिम पनि उत्तिकै हुन्छ । हरेक वर्ष यो अवधिमा बाढी, पहिरो तथा अन्य जलजन्य विपद्का घटना हुने र ठूलो मात्रामा जनधनको क्षति हुने गर्छ ।

पहाडमा बाढी र तराईमा डुबानले बर्सेनि ठूलो संख्यामा जनधनको क्षति गर्छ । प्राकृतिक विपत्ति रोक्न नसके पनि सरकारले पूर्वतयारी गरे क्षति कम गर्न सकिन्छ तर, पूर्वतयारीको काम कागज र बोलीमा मात्रै सीमित हुँदा यसबाट ठूलो धनजनको क्षति नेपालीले व्यहोर्न बाध्य छन् । नेपालमा अझै पनि विपद् व्यवस्थापन प्रतिक्रियामूलक छ, घटना भएपछि मात्रै सक्रिय हुने प्रवृत्ति बलियो छ । यो विडम्बना हो । अब पूर्वतयारीमा केन्द्रित रणनीति आवश्यक छ । बाढी र पहिरोबाट प्रभावित हुने सम्भावित क्षेत्रहरूको पहिचान, जोखिम नक्सांकन, कमजोर सडक खण्डहरूको सुदृढीकरण, ढल-निकास व्यवस्थापन, नदी नियन्त्रण र समयमै चेतावनी प्रणाली विकास अपरिहार्य भइसकेको छ । जलवायु परिवर्तनले विपद्का घटना बढाइरहेको छ र नेपाल त्यसको केन्द्रमा उभिएको छ । यस्तो अवस्थामा समयमै तयारी नगर्ने हो भने भोलिको क्षति नियन्त्रण बाहिर जान सक्छ । त्यसैले अब सरकार, निजी क्षेत्र र नागरिक सबैले मिलेर मनसुनजन्य विपद्को तयारी आजैबाट सुरु गर्नुपर्नेछ । समयमै गरिने तयारीले मात्रै विपद्लाई पूर्णरूपमा रोक्न नसके पनि त्यसबाट हुने क्षति अवश्य घटाउन सक्छ र यही नै अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो । तसर्थ सरकारले यसतर्फ समयमै ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

यो दुनिया जस्तो छ त्यस्तै बन्न सिक
धेरै सोझो भयो भने इज्जत होइन हेपाइ मात्र पाइन्छ ।
*(सागर खनालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Khanal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रविधि, सुविधा र मानव अस्तित्वको सङ्कट



**श्रीप्रसाद देवकोटा**

*शिक्षा क्षेत्रमा अनलाइन लर्निङ प्लेटफर्म, भर्चुअल कक्षा र खुला शैक्षिक स्रोतहरूले ज्ञानको पहुँचलाई भौगोलिक सीमाभन्दा बाहिर पुर्‍याएका छन् । स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन, डिजिटल डायग्नोस्टिक्स र एआई-आधारित उपचार प्रणालीले उपचारलाई छिटो र प्रभावकारी बनाएको छ । मानव जीवन बाहिरी रूपमा सुविधासम्पन्न देखिन्छ । तर सुविधा बढेसँगै जीवन सरल हुनुपर्नेमा वास्तविकता उल्टो छ ।*

प्रविधि मानव सभ्यताको सबैभन्दा ठूलो उपलब्धि हो । यसले उत्पादन, सञ्चार, शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार ल्याएको छ । विश्व बैङ्क र अन्तर्राष्ट्रिय दूरसञ्चार सैका अनुसार पछिल्ला दुई दशकमा विश्वमा इन्टरनेट प्रयोगकर्ताको सङख्या १ अर्बभन्दा कमबाट ५ अर्बभन्दा बढी पुगेको छ, जसले सूचनाको पहुँचलाई सर्वव्यापी बनाएको छ । डिजिटल विश्लेषक साइमन केम्पका अनुसार हाल सामाजिक सञ्जाल प्रयोगकर्ता करिब ५.६ अर्बभन्दा बढी पुगेका छन् । यसैकारण भिडियो कल, रियल-टाइम मेसेजिङ र डिजिटल प्लेटफर्महरूले मानिस बीचको सम्पर्कलाई क्षणभरमै सम्भव बनाएका छन् । उत्पादन क्षेत्रहरू जस्तैः औद्योगिक स्वचालन, रोबोटिक्स र डेटा-आधारित उत्पादन प्रणालीले दक्षता बढाएको छ। म्याकिन्से ग्लोबल इन्स्टिच्युटको अध्ययन अनुसार डिजिटल प्रविधिको प्रयोगले उत्पादनशीलता २० देखि ३० प्रतिशतसम्म वृद्धि गरेको छ। प्रविधिको प्रयोगले समय र स्रोतको बचत मात्र होइन, लागत घटाउने र गुणस्तर सुधार गर्ने क्षमता पनि दिएको छ । बैङ्किङ प्रणाली डिजिटल भुक्तानी, मोबाइल बैङ्किङ र अनलाइन लेनदेनमा रूपान्तरण भएको छ । शिक्षा क्षेत्रमा अनलाइन लर्निङ प्लेटफर्म, भर्चुअल कक्षा र खुला शैक्षिक स्रोतहरूले ज्ञानको पहुँचलाई भौगोलिक सीमाभन्दा बाहिर पुर्‍याएका छन् । स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन, डिजिटल डायग्नोस्टिक्स र एआई-आधारित उपचार प्रणालीले उपचारलाई छिटो र प्रभावकारी बनाएको छ । मानव जीवन बाहिरी रूपमा सुविधासम्पन्न देखिन्छ । तर सुविधा बढेसँगै जीवन सरल हुनुपर्नेमा वास्तविकता उल्टो छ ।

प्रविधिले समय बचत गरिदिएको छ तर ध्यान र ज्ञानलाई निरन्तर खण्डित गरिरहेको छ। मानिससँग सूचना अत्यधिक छ तर बुझाइ गहिरो छैन । क्षणभरमा नै सम्बन्धहरू विस्तार भएका छन् तर आत्मीयता र विश्वास घट्दै छ । यही विरोधाभासलाई विचारकहरूले 'सुविधाभित्र लुकेको सङ्कट' का रूपमा व्याख्या गरेका छन्। प्रविधिको विकासले मानव जीवनलाई सहज बनाउने उद्देश्य राखे पनि यसको तीव्र र अनियन्त्रित विस्तारले नै आजको सङ्कट जन्माएको हो । यथार्थ हो– मानिस मानसिक रूपमा बढी विचलित, सामाजिक रूपमा बढी एक्लो र बौद्धिक रूपमा बढी सतही हुँदै गएको छ । चेतना, सामाजिक सम्बन्ध र वास्तविकता बुझ्ने क्षमतामा क्रमशः ह्रास आउन थालेको छ। जीवन बाहिरबाट व्यवस्थित देखिन्छ, भित्रबाट उति नै अस्थिर, विखण्डित र अनिश्चित बन्दै गएको छ । यही कारण आधुनिक युग प्रगतिको मात्र नभई मानव जीवनको सङ्कटको युग बन्न पुग्दैछह जहाँ सङ्कट भौतिक होइन, चेतना, अर्थ र नियन्त्रणको हो । अमेरिकी प्राध्यापक काल न्युपोर्टका अनुसार प्रविधि समस्या होइन, बरु यसको अव्यवस्थित र असचेत प्रयोग हो । आज मानव जीवन प्रविधिलाई उपकरणका रूपमा प्रयोग गर्नेभन्दा पनि त्यसको प्रभावमा बाँचेको छ । सामाजिक सञ्जाल, नोटिफिकेसन र निरन्तर सूचना प्रवाहले जीवनलाई मानसिक निर्भरतामा बाँधेको छ । यसले गर्दा मानिसले आफ्नो ध्यान, समय र ऊर्जा आफैंले नियन्त्रण गर्न सक्ने क्षमता गुमाउँदै गएको छ । पहिले ज्ञान दीर्घकालीन ध्यान, अध्ययन र आत्मचिन्तनको प्रक्रियाबाट निर्माण हुन्थ्यो । पुस्तक पढ्दा मानिस लामो समय एउटै विचारसँग बस्न बाध्य हुन्थ्यो, जसले विचारलाई गहिरो रूपमा बुझ्ने अवसर दिन्थ्यो । तर अहिलेको डिजिटल वातावरणमा पढाइ निरन्तर विच्छेदको बीचमा हुन्छह एक लिङ्कबाट अर्को लिङ्क, एक नोटिफिकेसनबाट अर्को सूचनातर्फ ध्यान सर्दै जान्छ । ज्ञानको स्वरूपलाई "गहिरो संरचना" बाट "सतही स्क्यानिङ" मा रूपान्तरण गरेको छ । मानिसले धेरै जानकारी देख्छ तर थोरै बुझ्छह धेरै कुरा थाहा हुन्छ तर थोरै सम्झन्छ । सूचना छिटो प्राप्त हुन्छ तर त्यसलाई विश्लेषण, संयोजन र दीर्घकालीन ज्ञानमा रूपान्तरण गर्ने क्षमता कमजोर हुँदै गएको छ । माइक्रोसफ्ट क्यानडाले प्रकाशित गरेको एक अध्ययन अनुसार मानिसको औसत ध्यान अवधि (अटेन्सन स्पान) करिब ८ सेकेन्ड जति मात्र रहेको छ । सामाजिक सञ्जालमा प्रसारित छोटा भिडियो र निरन्तर सूचना प्रवाहले मानिसलाई "दीर्घ ध्यान" बाट "क्षणिक ध्यान" तर्फ धकेलेको छ । यसको परिणामस्वरूप गहिरो अध्ययन, आलोचनात्मक सोच र धैर्य घट्दै गएको छ । यस सन्दर्भमा निकोलस कारले आफ्नो पुस्तक 'द स्यालोलज' मा उल्लेख गरेको तर्क निकै सान्दर्भिक छ । उनका अनुसार निरन्तर सूचना प्रवाहले मानव मस्तिष्कको कार्यप्रणालीलाई नै परिवर्तन गरिरहेको छ । डिजिटल माध्यममा पढ्ने, स्क्रोल गर्ने र छिटोछिटो जानकारी ग्रहण गर्ने बानीले हाम्रो ध्यानलाई खण्डित बनाउँछ र गहिरो चिन्तनको क्षमतालाई कमजोर पार्छ । क्यालिफोर्निया विश्वविद्यालयका अनुसन्धानहरूले पनि लगातार सूचना प्रवाहले गहिरो एकाग्रता (डिप फोकस) क्षमतालाई कमजोर बनाउने पुष्टि गरेका छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभर करिब १ अर्ब मानिस कुनै न कुनै मानसिक स्वास्थ्य समस्याबाट प्रभावित छन् । यो तथ्य केवल स्वास्थ्य सम्बन्धी आँकडा मात्र होइन, आधुनिक सभ्यताको गहिरो सङ्कटको सङ्केत पनि हो । विशेषगरी डिजिटल प्रविधिको अत्यधिक प्रयोग, सहरीकरण र अनिश्चित जीवनशैलीले मानिसको मानसिक सन्तुलनमा निरन्तर दबाब सिर्जना गरिरहेको छ । सामाजिक सञ्जालमा देखिने कृत्रिम सफलता र जीवनशैलीले धेरै व्यक्तिमा आत्मअसन्तुष्टि, चिन्ता र तनाव बढाइरहेको छ । यसैकारण विश्व स्वास्थ्य सङ्गठनले पछिल्ला वर्षहरूमा मानसिक स्वास्थ्यलाई एक्काइसौं शताब्दीको निर्णायक चुनौती भनेको छ । विश्व स्वास्थ्य सङ्गठन युरोपअन्तर्गत गरिएको एचबीएससी अध्ययनअनुसार बालबालिकामा सामाजिक सञ्जालको अस्वस्थ वा नियन्त्रणहीन प्रयोगको दर करिब ७ प्रतिशतबाट बढेर ११ प्रतिशत पुगेको छ । हार्वर्ड लगायतका विभिन्न अनुसन्धानले सामाजिक सञ्जालको प्रयोग र एक्लोपन बीच गहिरो सम्बन्ध देखाएका छन् । अनुसन्धानहरूले सामाजिक सञ्जालको प्रयोगले किशोरकिशोरी र युवा वर्गलाई जोडिएको जस्तो देखाए पनि धेरै प्रयोगको अवस्थामा यसले एक्लोपन बढाउने निचोड प्रस्तुत गरेका छन् । यही कारण पछिल्ला दुई दशकमा किशोरकिशोरीहरूमा एन्जाइटी र डिप्रेसनको दर उल्लेखनीय रूपमा बढेको देखिन्छ, जुन केवल जैविक वा व्यक्तिगत कारणले मात्र होइन, सामाजिक-प्राविधिक वातावरणसँग गहिरो रूपमा जोडिएको छ । अर्कोतर्फ सामाजिक सञ्जालले सम्बन्धलाई गुणात्मक होइन, परिमाणात्मक बनाइदिएको छ । सामाजिक सञ्जालमा हजारौं साथी वा फलोअर भए पनि त्यही अनुपातमा आत्मीयता, विश्वास र भावनात्मक नजिकपन घटेको छ । सञ्जालले सम्बन्धको दायरा विस्तार गरेको छ तर गहिराइ घटाएको छ । फ्रान्सेली समाजशास्त्री जिन बोड्रिलार्डले भनेझैं आधुनिक समाज 'हाइपररियालिटी' (निर्मित वास्तविकता) मा प्रवेश गरिरहेको छह जहाँ वास्तविक अनुभवभन्दा डिजिटल प्रतिनिधित्व बढी प्रभावशाली हुन्छ । मानिसले जीवन बाँच्नुभन्दा त्यसलाई देखाउन बढी महत्त्व दिन थाल्छ । मुख्य कारण, डिजिटल सम्बन्धहरू अक्सर प्रदर्शनमा आधारित हुन्छन्ह जहाँ मानिसले आफ्नो वास्तविक अवस्थाभन्दा पनि आफ्नो कृत्रिम छवि प्रस्तुत गर्छ । लाइक, कमेन्ट र सेयरहरू सामाजिक स्वीकृतिको सूचकका रूपमा देखिएका छन्ह यसैले आफ्नो वास्तविक अनुभवभन्दा पनि अरूलाई प्रभावित पार्ने सामग्री प्रस्तुत गर्न प्रेरित छन् । जसका कारण सम्बन्धहरू यथार्थभन्दा धारणामा आधारित हुँदै छन्, स्वाभाविकभन्दा रणनीतिक बन्दै छन्। जब सम्बन्धको आधार वास्तविक अनुभव होइन, तर डिजिटल प्रस्तुति हुन्छह तब त्यसमा गहिराइ, स्थायित्व र विश्वसनीयता अत्यन्तै कमजोर हुन्छ । सञ्जालहरूमा फैलिएको सूचना ज्ञान बन्नुभन्दा पहिले नै उपभोग्य सामग्री बनेको छ । प्लेटफर्महरूका लागि सूचना ज्ञान होइन, ध्यान आकर्षित गर्ने वस्तु हो । जसले ध्यान जित्छ, त्यसले मूल्य जित्छ । ध्यान जित्ने सबैभन्दा प्रभावकारी माध्यम प्रायः तथ्य होइन, भावना हो । आक्रोश, डर, उत्साह, कुण्ठा वा विवादजस्ता तीव्र भावनाले मानिसलाई तुरुन्त प्रतिक्रिया दिन प्रेरित गर्छ । यही कारण आक्रोशपूर्ण पोस्टहरू छिटो फैलिन्छन्, विवादास्पद सामग्री बढी साझा हुन्छन् । सामाजिक सञ्जालका अल्गोरिदमहरूको मुख्य लक्ष्य गुणस्तर होइन, संलग्नता हो । अर्थात् कुन सामग्री सही छ भन्नेभन्दा पनि कुन सामग्रीले बढी क्लिक, लाइक, सेयर र कमेन्ट ल्याउँछ भन्ने कुरा प्राथमिक हो । जसका कारण भावनात्मक सामग्रीले बढी स्थान पाउँछह चरम आक्रोश, कुण्ठा र प्रतिक्रियाहरू बढी ट्रेन्डिङ हुन्छन् । फलस्वरूप सत्य र तथ्य कमजोर बन्न पुग्छ । यो केवल प्रयोगकर्ताको छनोट होइन, प्रणालीगत डिजाइनको परिणाम हो । प्रविधिले गोपनीयता र स्वतन्त्रतामाथि पनि प्रश्न उठाएको छ । डेटा सङ्कलन र अल्गोरिदमहरूले मानिसको व्यवहार मात्र होइन, उसको सोचाइलाई समेत प्रभावित गरेका छन् । यसले व्यक्तिलाई स्वतन्त्र निर्णयकर्ताभन्दा पनि निर्देशित उपभोक्ता बनाएको छ । अन्त्यमा, समस्या प्रविधि आफैंमा होइन, बरु त्यसलाई प्रयोग गर्ने तरिका र त्यसलाई निर्देशित गर्ने सामाजिक-आर्थिक संरचनामा लुकेको छ । प्रविधि मानव सुविधाका लागि विकास गरिएको उपकरण हो, जसले समय बचत, सूचनाको पहुँचलाई सहज र जीवनलाई अधिक प्रभावकारी बनाउँछ । जब चेतना सचेत, सन्तुलित र उद्देश्यपूर्ण रहन्छ, तब त्यही प्रविधि ज्ञान, सिर्जना र अर्थपूर्ण जीवन निर्माण गर्ने शक्तिशाली साधन बन्न सक्छ । त्यसैले आजको युगको गहिरो सत्य यही हो- प्रविधि होइन, मानव चेतनाको दिशा नै भविष्य निर्धारण गर्ने मुख्य शक्ति हो । तर जब यसको प्रयोग असन्तुलित, अनियन्त्रित र केवल उपभोगमुखी बन्छ, तब यही सुविधा नै मानव सङ्कटका रूपमा रूपान्तरण हुन थाल्छ ।

***-रातोपाटी डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। घुमफिर, मनोरञ्जनको समय छ। | **तुला** :कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। |
| **वृष** : काम बन्नाले उत्साह जाग्नेछ । आफ्नै प्रयासले अधिकार प्राप्त गर्न सकिनेछ। | **वृश्चिक** :छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला। |
| **मिथुन** :मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ। लक्ष्यअनुसार काम हुनेछ। | **धनु** : समय शुभ छ । पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ। |
| **कर्कट** :फाइदा हेर्दा नाम बिग्रन सक्छ। अरूलाई दिने नभई भित्र्याउने समय छ । | **मकर** :मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ,सजिलै लक्ष्यमा पुग्न सकिनेछ। |
| **सिंह** :रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। | **कुम्भ** :रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले लक्ष्यमा पुर्‍याउनेछ। |
| **कन्या** :बोलीको प्रभाव बढ्नेछ भने चिताएको काम सजिलै सम्पादन हुँनेछ। | **मीन** :शारीरिक समस्याले कमजोरी अनुभूति हुनेछ। बाहिरिनाले काम दोहोरिनेछ । |

# विज्ञान/सूचना प्रविधि

## गर्मीमा एसी पड्किन नदिन अपनाउनुस् यस्ता उपाय



शनिबार अबेर रात दिल्लीको विवेक बिहार क्षेत्रमा आगलागीमा परेर एउटै घरका ९ जनाको मृत्यु भयो । आगलागीको मुख्य कारण एसी विस्फोट मानिएको छ, घटनाबारे अनुसन्धान भइरहेको छ ।

गर्मीयाममा एसी विस्फोटका खबरहरू बारम्बार आउने गर्छन् । कहिलेकाहीं, एसीको तारमा सर्ट सर्किट, कम्प्रेसरमा दबाब वा अत्यधिक तातो हुँदा आगो लाग्न सक्छ । धेरै वर्षदेखि एउटै एयर कन्डिसनर प्रयोग गर्नेहरू सतर्क हुनुपर्छ ।

**एसी विस्फोट कसरी रोक्ने ?**

पुरानो एयर कन्डिसनर (एसी)को लामो समयसम्म प्रयोग गरिरहनुभएको छ तर उचित मर्मतसम्भार गर्न भ्याउनुभएको छैन भने ओभरहिटिङ, सर्ट सर्किट वा ग्यास चुहावटजस्ता कारणले आगो वा विस्फोटको जोखिम बढाउन सक्छ । यद्यपि, केही सावधानी अपनाएर तपाईंले त्यस्ता दुर्घटनाहरूलाई उल्लेखनीय रूपमा रोक्न सक्नुहुन्छ ।

**नियमित सर्भिसिङ**

तपाईं ५-१० वर्षदेखि एउटै एसी प्रयोग गर्दै आउनुभएको छ र यो समस्यामुक्त छ भन्ने विश्वास गर्नुहुन्छ भने तपाईं अझै पनि सतर्क रहनु आवश्यक छ । हरेक छ महिनामा आफ्नो एसको सर्भिसिङ गराउनुहोस् । विशेष गरी, गर्मी सुरु हुने बित्तिकै पुरानो एसी आफैं सफा गर्ने प्रयास नगर्नुहोस् । जाडोमा ५-६ महिनासम्म एसी प्रयोग नहुँदा त्यसभित्र धेरै धुलो र फोहोर जम्मा भएर बसेको हुन्छ । यसलाई आफैं सफा गर्न सकिँदैन ।

**वायरिङ र प्लग जाँच**

तपाईं घरमा बस्नुहुन्छ र स्प्लिट एसी छ भने सधैं यसको चेकजाँच गर्नुहोस् । एसीको बाह्य युनिट, प्राय: बाल्कनी वा टेरेसमा जडान गरिएको हुन्छ । गर्मीमा यो धेरै तातो हुन सक्छ र विस्फोट हुन सक्छ । आफ्नो पुरानो एसीको वायरिङ जाँच गर्नु राम्रो हुन्छ । तपाईंले कुनै समस्या देख्नुभयो भने यसलाई विशेषज्ञबाट मर्मत गराउनुहोस् । तपाईंले कुनै अनौठो गन्ध महसुस गर्नु भयो भने तुरुन्तै एसी बन्द गर्नुहोस् । जलेको दाग, स्पार्क, वा खुकुलो प्लगहरू देख्नुभयो भने तिनीहरूको तुरुन्तै मर्मत गराउनुहोस् । सस्तो वा स्थानीय वायरिङबाट बच्नुहोस् ।

**ओभरलोडिङबाट बच्नुहोस्**

एउटै सकेट वा एक्सटेन्सन कर्डमा धेरै भारी उपकरणहरू प्लग नगर्नुहोस् । एसीको लागि छुट्टै पावर लाइन र एमसीबी राख्दा पनि तपाईं र तपाईंको घरको लागि धेरै सुरक्षा हुन्छ । अनौठो आवाजलाई बेवास्ता नगर्नुहोस्

एसी चलाएर चिसो हावामा आरामसँग सुतिरहनुभएको छ, र अचानक अनौठो आवाज वा गन्ध थाहा पाउनु भयो भने एसी बन्द गरिहाल्नुस् । प्राविधिकलाई बोलाएर यसलाई ठीक गर्नुहोस् ।

**ग्यास चुहावटमा ध्यान दिने**

यदि कोठा सही तरिकाले चिसो भएको छैन भने यो रेफ्रिजरेन्ट चुहावटको संकेत हुन सक्छ । यसलाई सकेसम्म चाँडो ठीक गर्नुहोस् । नत्र तपाईंले एसी भएर पनि गर्मीकै दिन बिताउनुपर्नेछ ।

**आउटडोर युनिटमा ध्यान**

मानिसहरू प्राय: भित्री एकाइ सफा गर्नमा ध्यान केन्द्रित गर्छन् तर बाहिरी एकाइलाई सफा गर्न बिर्सन्छन् । तर सबैभन्दा ठूलो खतरा यही हुन्छ । लगातार एसी नचलाउनुस् । एसी तात्छ भने टाइमर सेट गरेर चलाउनुस् । बाहिरी एकाइ वरिपरि धुलो, पात वा फोहोर जम्मा हुन नदिनुस् । फोहोर जम्मा भयो भने हिट सही तरिकाले बाहिर निस्किन सक्दैन र मेसिन धेरै तात्छ ।

**निरन्तर नचलाउने**

धेरै मानिसहरूले एसीलाई २४ घण्टा नै चलाइराख्छन् । एसी पुरानो हो भने यसरी चलाउँदा यसको कम्प्रेसरमा दबाब बढाउँछ । बेला बेलामा एसी बन्द गर्नुहोस् ।

**भोल्टेज स्टेबिलाइजर जडान**

कहिलेकाँही बिजुलीमा धेरै उतारचढाव हुन्छ । कहिले कम त कहिले धेरै भोल्टेज आइरहेको हुन सक्छ । यस्तो अवस्थामा सर्ट सर्किट वा विस्फोटको जोखिम हुन्छ । यी जोखिम कम गर्न आफ्नो पुरानो एसीमा भोल्टेज स्टेबिलाइजर जडान गर्न नभुल्नुस् । स्थानीय प्राविधिकबाट आफ्नो एसी मर्मत नगर्नुहोस् पुरानो एसीको लागि सधैं प्रमाणित प्राविधिकको भर गर्नुस् । केही मानिसहरूले सस्तो तार र पार्टपुर्जाहरू प्रयोग गर्छन्, जसले जोखिम बढाउन सक्छ ।

**एसी बदल्नुहोस्**

तपाईंले ५-१० वर्षदेखि एउटै एसी प्रयोग गरिरहनुभएको छ भने यसलाई बदल्नु राम्रो हुन्छ । पुरानो एसीमा सुरक्षा र दक्षता दुवै कम हुन्छ । एसीमा आगलागी र विस्फोट सामान्य कुरा होइन । यस्ता दुर्घटनाहरू दुर्लभ हुन्छन् । तर यसको मतलब तपाईंले लापरवाही गर्दा पनि हुन्छ भन्ने चाहिँ होइन । कमजोर मर्मतसम्भार र लापरवाहीले जोखिम बढाउँछ । अरूलाई दोष दिनुको सट्टा, थोरै आफैंले थोरै सावधानी अपनाउनु राम्रो हुन्छ । समय समयमा हेरचाह गर्नाले भवितव्यबाट तपाई र तपाईको परिवार जोगिनुहुनेछ ।

*-रातोपाटी डटकम*

## नेटफ्लिक्स, अमेजन प्राइम र युट्युबमा सर्दै विज्ञापन व्यवसाय, ओटीटीमा बढ्दो आकर्षण





डिजिटल विज्ञापन बजार विश्वव्यापी रूपमा ओटीटी प्लेटफर्मतर्फ सर्दै गएको छ र नेपालमा पनि यो प्रवृत्ति देखिन थालेको छ । नेपालमा ओटीटी विज्ञापन, कर प्रणाली र सामग्री नियमनबारे स्पष्ट नीति अभावमा दीर्घकालीन जोखिम देखिएको छ । अन्तर्राष्ट्रिय अभ्यास अनुसार नेपालले ओटीटी विज्ञापन दर्ता, कर व्यवस्थापन र प्रयोगकर्ता गोपनीयतामा स्पष्ट नीति बनाउन आवश्यक छ ।

डिजिटल मिडियाको तीव्र विस्तारसँगै विश्वव्यापी विज्ञापन बजारको स्वरूप तीव्र रूपमा बदलिँदै गएको छ । पहिले टेलिभिजन, रेडियो र छापा माध्यममा केन्द्रित विज्ञापन बजेट अहिले विस्तारै ओभर-द-टप (ओटीटी) प्लेटफर्मतर्फ सर्दै गएको देखिन्छ । नेपालमा पनि यो प्रवृत्ति विस्तारै देखिन थालेको छ । तर, यस क्षेत्रलाई मार्गदर्शन गर्ने स्पष्ट नीतिगत व्यवस्था भने अझै अभावमै रहेको सरोकारवालाहरू बताउँछन् । विश्वस्तरमा युट्युबले डिजिटल विज्ञापन बजारमा पहिले नै ठूलो हिस्सा ओगटिसकेको छ । अब नेटफ्लिक्स, अमेजन प्राइम भिडियो, एचबीओ म्याक्स र स्पोटिफाइ जस्ता सेवाहरूले सदस्यता शुल्कसँगै विज्ञापन देखाउने मिश्रित मोडेल अपनाउन थालेका छन् । यसले ओटीटी प्लेटफर्मलाई केवल सदस्यता-आधारित सेवा नभई विज्ञापन-आधारित आम्दानीको ठूलो माध्यमका रूपमा स्थापित गर्दै लगेको छ । विज्ञापनदाताको प्राथमिकतामा आएको परिवर्तन यस प्रवृत्तिको मुख्य कारण हो । अब विज्ञापन केवल व्यापक दर्शकसम्म पुऱ्याउने माध्यम मात्र होइन, लक्षित समूहसम्म प्रभावकारी रूपमा पुग्ने रणनीति बनेको छ । प्रयोगकर्ताको रुचि, व्यवहार र सामग्री उपभोगको आधारमा विज्ञापन प्रस्तुत गर्न सकिने भएकाले लगानीको प्रतिफल मापन गर्न सजिलो भएको छ । यही कारण डिजिटल र ओटीटी प्लेटफर्मतर्फ आकर्षण बढेको हो । यसले परम्परागत मिडियाको विज्ञापन आम्दानीमा दबाब सिर्जना गर्ने संकेत पनि देखिएको छ । नेपालमा भने ओटीटी प्लेटफर्ममार्फत हुने विज्ञापन आम्दानी, प्रयोगकर्ता तथ्यांकको प्रयोग, कर प्रणाली र सामग्री नियमनबारे स्पष्ट नीति अझै बनेको छैन । विदेशी प्लेटफर्मबाट हुने विज्ञापन कारोबारको दर्ता, अनुगमन र पारदर्शिताबारे पर्याप्त व्यवस्था नहुँदा दीर्घकालीन जोखिम देखिएको छ । प्रयोगकर्ताको तथ्यांक कसरी प्रयोग भइरहेको छ भन्ने विषयमा पनि स्पष्ट कानुनी संरचना अभावमै छ । यस्तो अवस्थामा स्थानीय सामग्री र विज्ञापन उद्योगलाई असर पर्ने सम्भावना रहन्छ । यसैले ओटीटी नीतिमा केही आधारभूत पक्ष स्पष्ट रूपमा समेटिन आवश्यक देखिन्छ । ओटीटी प्लेटफर्ममा हुने विज्ञापनको दर्ता र अनुगमन, विदेशी प्लेटफर्मबाट हुने आम्दानीमा कर व्यवस्थापन, प्रयोगकर्ता गोपनीयताको संरक्षण, लक्षित विज्ञापनसम्बन्धी स्पष्ट नियम, स्थानीय सामग्री र उद्योगको संरक्षण तथा सदस्यता र विज्ञापन मिसिएको मोडेलको स्पष्ट वर्गीकरण आवश्यक देखिन्छ । अन्तर्राष्ट्रिय अभ्यास हेर्दा धेरै देशले ओटीटी र डिजिटल विज्ञापनलाई व्यवस्थित कानुनी ढाँचामा समेटेका छन् । बेलायतमा सञ्चार नियामक अफकमले अनलाइन प्लेटफर्मलाई पनि नियमनको दायरामा ल्याउँदै आएको छ । युरोपियन युनियनले डेटा गोपनीयता र डिजिटल बजार नियन्त्रणका लागि कडा नियम लागू गरेको छ । अमेरिकामा बजार खुला भए पनि तथ्यांक प्रयोग र प्रतिस्पर्धासम्बन्धी कानुन क्रमश: कडा बनाइँदै छन् । अष्ट्रेलिया, सिङ्गापुर र जापानले पारदर्शिता, उपभोक्ता सुरक्षा र नवप्रवर्तनबीच सन्तुलन राख्ने नीति अपनाएका छन् । दक्षिण एशियामा भारतले ओटीटी प्लेटफर्मलाई कानुनी दायरामा ल्याइसकेको छ भने अन्य देशहरू पनि यस दिशामा अघि बढिरहेका छन् । अन्तर्राष्ट्रिय अभ्यासबाट स्पष्ट देखिन्छ कि ओटीटी र प्रसारण सेवालाई एउटै नियामक संरचनामा राखिँदैन । डेटा गोपनीयता र लक्षित विज्ञापनमा कडा नियम लागू गरिन्छ । विदेशी ओटीटी प्लेटफर्मबाट हुने आम्दानीमा कर स्पष्ट रूपमा निर्धारण गरिन्छ । सदस्यता र विज्ञापन मिसिएको मिश्रित मोडेललाई कानुनी रूपमा मान्यता दिइन्छ । साथै, नवप्रवर्तनलाई रोक्ने होइन, व्यवस्थापन गर्ने नीति अपनाइन्छ । समग्रमा, ओटीटी प्लेटफर्ममा विज्ञापन आम्दानी तीव्र रूपमा बढ्दै गएको सन्दर्भमा नेपालले पनि समयमै स्पष्ट नीति निर्माण गर्नु अत्यावश्यक देखिन्छ । सदस्यतासँगै विज्ञापन-आधारित आम्दानीलाई समेटेर स्पष्ट व्यवस्था गर्न सकेमा डिजिटल अर्थतन्त्र सुदृढ हुने, कर प्रणाली पारदर्शी बन्ने, स्थानीय उद्योग संरक्षण हुने र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपाल सक्षम बन्ने आधार तयार हुन सक्छ । अहिलेको संकेत स्पष्ट छ- विज्ञापनको केन्द्र बदलिँदैछ, र भविष्य ओटीटीतर्फ अघि बढ्दै गएको छ ।

*-अनलाइन खबर डटकम*

## च्याटबोटको 'मिठो बोली'ले भ्रामक कुरा फैलाउने खुलासा



अक्सफोर्ड विश्वविद्यालयको अक्सफोर्ड इन्टरनेट इन्स्टिच्युटले हालै सार्वजनिक गरेको एक अध्ययनले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) च्याटबोटहरूको बढ्दो लोकप्रियतासँगै एउटा गम्भीर जोखिमलाई सतहमा ल्याएको छ । अनुसन्धानकर्ताहरूका अनुसार, च्याटबोटहरूलाई जति धेरै मिलनसार, न्यानो र सहानुभूतिपूर्ण बनाउने कोसिस गरिन्छ, तिनीहरूले त्यति नै धेरै गल्ती गर्ने र प्रयोगकर्ताका गलत एवं भ्रामक धारणालाई समर्थन गर्ने सम्भावना बढेर जान्छ । 'नेचर' जर्नलमा प्रकाशित यस प्रतिवेदनले प्रविधि कम्पनीहरूले आफ्ना एआई मोडललाई बढी मानवीय बनाउन गरिरहेको होडबाजीले अन्तत: सत्यतथ्यलाई ओझेलमा पार्ने र समाजमा 'कन्स्पिरेसी थ्योरी' (षडयन्त्रका सिद्धान्त) लाई मलजल गर्ने चेतावनी दिएको छ । अनुसन्धानका क्रममा वैज्ञानिकहरूले जब च्याटबोटहरूलाई निकै नम्र र 'स्वीट' शैलीमा बोल्ने गरी प्रोग्राम गरे, तब तिनीहरूको शुद्धतामा ३० प्रतिशतले ह्रास आएको पाइयो । साथै, यी 'मिठा' च्याटबोटहरूले प्रयोगकर्ताका गलत विश्वासहरूलाई समर्थन गर्ने सम्भावना ४० प्रतिशत बढी देखियो । उदाहरणका लागि, जब च्याटबोटलाई एडोल्फ हिटलर सन् १९४५ मा अर्जेन्टिना भागेको वा अमेरिकाको अपोलो मुन ल्यान्डिङ (चन्द्रमामा मानिस पुगेको घटना) झुटो रहेको जस्ता भ्रमपूर्ण कुराहरू सोधियो, मिलनसार च्याटबोटहरूले त्यसलाई ठाडै अस्वीकार गर्नुको साटो 'विभिन्न मानिसका फरक मत हुन सक्ने' भन्दै भ्रमलाई नै प्रश्रय दिए । तर यस प्रोग्रामबाट मुक्त एआई मोडलहरूले यस्ता कुरालाई स्पष्ट रूपमा गलत भन्दै ऐतिहासिक तथ्यको रक्षा गरेका थिए । यो समस्या केवल ऐतिहासिक तथ्यहरूमा मात्र सीमित छैन । यसले स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा समेत गम्भीर खतरा निम्त्याएको छ । अध्ययनका क्रममा एउटा मिलनसार च्याटबोटले मुटुको अट्याक हुँदा 'खोकेर बच्न सकिन्छ' भन्ने इन्टरनेटको खतरनाक र प्रमाणित नभएको मिथकलाई समेत उपयोगी प्राथमिक उपचार भन्दै सिफारिस गऱ्यो । अनुसन्धानकर्ता लुजैन इब्राहिमका अनुसार मानिससँग बढी नजिक हुन र सहानुभूति देखाउन खोज्दा च्याटबोटहरूले कडा सत्य बोल्ने साहस गुमाउँछन् र प्रयोगकर्तालाई खुसी बनाउन 'हो मा हो' मिलाउन थाल्छन् । विशेष गरी प्रयोगकर्ताले आफू दु:खी वा एक्लो भएको संकेत दिँदा यस्ता च्याटबोटहरूले अझ बढी भ्रमपूर्ण कुरामा सहमति जनाउने गरेको पाइएको छ ।

*-डिसी नेपाल डटकम*

## फेसबुक र इन्स्टाग्राम बन्द गर्ने मेटाको चेतावनी



अमेरिकी प्रविधि कम्पनी मेटाले न्यु मेक्सिको राज्यमा आफ्ना सामाजिक सञ्जाल सेवाहरू फेसबुक र इन्स्टाग्राम बन्द गर्न सक्ने चेतावनी दिएको छ । बालबालिकाको मानसिक स्वास्थ्य र सुरक्षासम्बन्धी मुद्दामा भइरहेको कानुनी लडाइँका कारण यो स्थिति उत्पन्न भएको हो । न्यु मेक्सिकोका सरकारी अभियोजकहरूले मेटाका प्लेटफर्म बालबालिकाका लागि अस्वस्थ र लत लाग्ने खालको भएको आरोप लगाउँदै प्रणालीमा व्यापक परिवर्तन गर्न अदालतमा माग गरेका छन्। उनीहरूले बालबालिकाको उमेर पहिचानमा कडाइ, गोपनीयता सुधार र सुरक्षा नियन्त्रण बढाउनुपर्ने अडान राखेका छन् । यो मुद्दा पहिले नै अदालतमा पुगिसकेको छ, जहाँ जूरीले मेटाले बालबालिकाको मानसिक स्वास्थ्यमा हानि पुऱ्याएको र बाल यौन शोषणका विषयमा जानकारी लुकाएको ठहर गर्दै ३७ करोड ५० लाख डलर जरिवाना तोकिसकेको छ । अहिले मुद्दाको दोस्रो चरणको सुनुवाइ सुरु हुन लाग्दा तनाव झन् बढेको छ। मेटाले भने आफूले लगातार बाल सुरक्षामा सुधार गरिरहेको दाबी गर्दै हजारौं एप्समध्ये आफूलाई मात्र विशेष रूपमा लक्षित गरिएको बताएको छ । हालै दर्ता गरिएको कानुनी कागजातमा मेटाले अदालतले १३ वर्षभन्दा कम उमेरका प्रयोगकर्ताको उमेर ९९ प्रतिशत शुद्धताका साथ प्रमाणित गर्नुपर्ने जस्ता कडा सर्त लागू गरेमा न्यु मेक्सिकोमा सेवा बन्द गर्न बाध्य हुने चेतावनी दिएको छ । कम्पनीका अनुसार यस्तो माग व्यावहारिक रूपमा पूरा गर्न असम्भव छ र यसले राज्यभर सम्पूर्ण सेवा ठप्प पार्ने स्थिति ल्याउन सक्छ। यो मुद्दा अहिले अमेरिकामा बाल सुरक्षा, सामाजिक सञ्जाल नियमन र प्रविधि कम्पनीको जिम्मेवारीबारे चलिरहेको ठूलो बहसको मुख्य विषय बनेको छ ।

*-रासस*

# आज मंगल चौथी व्रत : गणेशको पूजा गरिदैं



**पाल्पा,** वैशाख २१/ आज मंगलचौथी व्रत र पूजा गर्ने दिन हो । हिन्दू संस्कारमा मानिसहरुले कुनै पनि कार्य गर्दा बिध्न बाधा उत्पन्न नहोस् भनेर काम थालनी गर्नु भन्दा पहिले सबैले भगवान श्री गणेशको आराधना र स्मरण गर्दछन् । भगवान श्री गणेशलाई मंगलकारक देवताका रूपमा पूजा गर्ने चलन छ ।

आज मंगलवारलाई भगवान् गणेशको दिनको रुपमा मान्ने चलन पनि छ । यिनै भगवान गणेशको जन्म तिथि चतुर्थी पर्ने भएकाले आजको दिनलाई मंगलल चौथी भनेर विशेष पूजा आराधना गरेर मनाइने चलन रहेको छ । मंगलवार भगवान् गणेशको व्रत बस्ने व्रतालुहरुले आजकै शुभ दिनबाट व्रत प्रारम्भ गर्ने गरेको पाइन्छ । भगवान् गणेश शुभफल प्रदान गर्ने देवताको रुपमा चिनिन्छन्, आजको दिन श्रद्धापूर्वक श्री गणेशको व्रत लिनाले गणेश भगवान प्रशन्न भइ व्रतालुहरुलाई चिताएको फल प्रदान गर्ने धार्मिक मान्यता रहेको छ । यस दिन गणेशको व्रत बस्दा धनदेखि मनले चिताएको सम्पूर्ण पूरा हुने विश्वास गरिन्छ । मंगलबार मंगल ग्रहले प्रतिनिधित्व गर्ने बार हो । त्यस्तै चतुर्थी तिथि भगवान गणेशजीको उत्पति भएको तिथिको रुपमा लिइन्छ । गणेशजी जन्मिएको दिन मंगलबार र चतुर्थी तिथिको संयोग परेकाले त्यस दिनलाई मंगल चौथी भनिएको हो । यसलाई 'मंगल चतुर्थी' र 'अद्रुरक चतुर्थी' पनि भन्ने गरिन्छ । यस्तो संयोगलाई गणेशको पूजाआराधना र प्रसन्नताका निम्ति अत्यन्त महत्वपूर्ण तिथिका रूपमा लिइएको छ । मंगल चौथीको दिन गणेश भगवानको स्मरण गर्दै व्रत बस्ने वैदिक सत्य सनातन हिन्दू धर्मावलम्बीहरुको परम्परा छ । यस दिन व्रत बसे सम्पूर्ण अनिष्टबाट बच्न सकिने, सन्तान प्राप्ति, विद्या, बुद्धि, काम शिद्ध हुने, मांगालिक योगको प्रभाव नहुने र मानसम्मान मिल्ने धनप्राप्ति गराउने गणेश पूराणमा उल्लेख छ । उनलाई बिघ्नहर्ताको रुपमा पनि लिइन्छ । त्यसैले कुनै पनि कार्यमा बाधा आइरहेको छ भने पनि उनको स्मरण गर्दै पूजाआराधाना र व्रत बस्दा समाधान हुने विश्वास रहिआएको छ । मंगलबार भगवानको व्रत बस्न इच्छुक व्रतालुले यस दिनबाट प्रारम्भ गरेमा शुभ हुने बताइएको छ । त्यति मात्र होइन, कुनै पनि शुभ कार्य यसै दिनबाट सुरु गर्दा फलदायी हुने विश्वास गरिन्छ ।

## बुटवलका सुकुमवास...

...व्यवस्थापनको प्रक्रियामा उनीहरूको आधारभूत मानव अधिकारलाई सुरक्षित गर्न मन्त्रालयले विशेष जोड दिएको छ । सुकुमवासी व्यवस्थापन गर्दा सुरक्षित आवासको प्रबन्ध, स्वास्थ्य उपचार, पौष्टिक खानपान, गोपनीयताको संरक्षण, तथा महिला र अपाङ्गतामैत्री आवास र सुरक्षा प्रबन्ध मिलाउन स्थानीय तहहरूलाई स्पष्ट निर्देशन दिइएको छ । यस विषयमा थप स्पष्ट पार्दै गृह मन्त्रालयले समेत सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको छ । मन्त्रालयले स्थानीय तहले नै सुकुमवासीको पहिचान र व्यवस्थापनको योजना तयार पार्ने र अतिक्रमण हटाउने कार्य गर्दा स्थानीय जनतालाई पूर्वसूचना दिएर सुसूचित गराउनुपर्ने व्यवस्था गरेको छ । सरकारले सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका घरटहरा भत्काउन थालेपछि चौतर्फी विरोध समेत सुरु भएको छ । विभिन्न जिल्लामा अव्यवस्थित बसोबासी र सुकुमवासीहरूले आन्दोलनको चेतावनी दिएका छन् । बुटवलका सुन्दर नगर, मजुवा, हात्तीसुढ, बुद्धनगर तथा तिनाउ-दानव कोरिडोर क्षेत्रमा स्थानीयले संघर्ष समिति बनाएर आन्दोलनका कार्यक्रम अगाडि बढाएका छन् ।

## कृत्रिम गन्ध प्रविधिबाट...

...यसबाट प्राप्त तथ्याङ्कले प्रविधिको प्रभावकारिता मूल्याङ्कन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।'टी' आकारको पाइपमा एकपटक केमिकल राख्दा एक महिनासम्म गन्ध रहिरहन्छ । शाहका अनुसार यो परीक्षण सफल भयो भने वन्यजन्तुबाट बस्तीमा हुने क्षति घट्छ । तारबारजस्ता संरचनामा भइरहेको लगानी पनि कम हुन्छ । खाता सामुदायिक वन समन्वय समितिका प्राविधिक खगेन्द्र थापाले स्थानीयस्तरमा यो प्रविधिले सकारात्मक सन्देश दिएको बताए । "सन् २०१४ देखि क्यामेरा ट्र्यापिङमा संलग्न रहँदै आएका छौँ", उनले भने, "अहिले प्रयोग भइरहेका क्यामेराहरू अत्यन्त संवेदनशील छन्, जसले ३० सेकेन्डसम्मको भिडियो र सानोतिनो आवाजसमेत कैद गर्न सक्छन् ।" उनका अनुसार मानव-वन्यजन्तु द्वन्द्व बढी हुने क्षेत्रमा यस्ता प्रविधिले स्थानीय बासिन्दामा सुरक्षाको अनुभूति दिलाउनुका साथै दीर्घकालीन समाधानतर्फ मार्गनिर्देशन गर्न सक्छ । यदि यहाँ सफल भयो भने देशका अन्य प्रभावित क्षेत्रमा पनि यो मोडेल विस्तार गर्न सकिन्छ । तराईका विभिन्न जिल्लामा पछिल्ला वर्षहरूमा बाघ, चितुवा तथा जङ्गली जनावरको बस्ती प्रवेशका घटना बढ्दै जाँदा मानवीय क्षति र त्राससमेत बढेको छ । यस्तो अवस्थामा वैज्ञानिक आधारमा यो विकसित प्रविधिको प्रयोगले द्वन्द्व न्यूनीकरणमा विश्व वन्यजन्तु कोषअन्तर्गत सञ्चालन भइरहेको तराई भूपरिधि तथा संरक्षण कार्यक्रम नेपाल र भारतका तराई क्षेत्रलाई समेट्ने दीर्घकालीन पहल हो । यस कार्यक्रममार्फत जैविक विविधता संरक्षण, वन्यजन्तुको आवास व्यवस्थापन तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका गतिविधि सञ्चालन हुँदै आएका छन् । परियोजनाका कोहलपुरका कार्यक्रम सहप्रबन्धक राजन रिजालका अनुसार निकुञ्जहरूको पारिस्थितिक प्रणाली सुदृढीकरण तथा सुरक्षा व्यवस्थापनका लागि विभिन्न कार्यक्रम कार्यान्वयन भइरहेका छन् । बर्दिया राष्ट्रिय निकुञ्जभित्र वन्यजन्तुको बासस्थान सुधारका लागि सिमसार क्षेत्र निर्माण तथा घाँसेमैदान व्यवस्थापन, पानीको अभाव हुने क्षेत्रमा वन्यजन्तुलाई पिउने पानीको सहज उपलब्धताका लागि सौर्य ऊर्जामा आधारित पम्प जडान तथा अवैध गतिविधि नियन्त्रण तथा निगरानी सुदृढ गर्न 'स्पाइक क्यामेरा' जडान गरिएको उनले बताए । निकुञ्ज प्रशासनको नेतृत्वमा सञ्चालन भइरहेका संरक्षणमुखी कार्यक्रमहरूमा पनि डब्लुडब्लुएफ नेपालको सहयोगी भूमिका रहेको रिजालले जानकारी दिए ।

### खेलकुद समाचार

## कर्णालीमाथि नाइजेरियालीको जित




**नेपालगन्ज,** वैशाख २१/चौथो कोहलपुर गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो खेलमा जस्ट जोन एफसी (नाइजेरिया) विजयी भएको छ । बाँकेको कोहलपुरमा वैशाख १९ बाट सुरु भएको प्रतियोगिताको दोस्रो दिनको खेलमा रोयल फुटबल क्लब (कर्णाली) लाई ४-२ गोल अन्तरले हराउँदै जस्ट जोन एफसी (नाइजेरिया) विजयी भएको हो । वैशाख २० गते कोहलपुर-२ स्थित कोहलपुर फुटबल रंगशालामा दुई टोलीबीच खेल भइरहेका बेला खराब मौषमका कारण ३७ औं मिनेटमा स्थगित भएको थियो । वर्षाले स्थगित खेलमा नाइजेरिया १-० गोलले अघि थियो । २९ औं मिनेटमा जस्ट जोनका जर्सी नम्बर ९ का हम्जात डिमोलाले गोल गरेका थिए । सोमबार बिहान भएको खेलमा ४-२ गोल अन्तरले जस्ट जोनले जित हासिल गरेको हो । जस्ट जोनलाई जिताउन दोस्रो हाफको ४७ औं मिनेटमा जर्सी नम्बर १० अब्दुल्लाजीजले गोल गर्दै २-० गोलको अग्रता दिलाए । ४९औं मिनेटमा रोयल फुटबल क्लब कर्णालीका जर्सी नम्बर ७ का सन्दिप देउवाले जवाफी गोल फर्काए । लगत्तै ५२औं मिनेटमा नाइजेरियाका जर्सी नम्बर २९ का ओवालाही अफिजले गोल अन्तर ३-१ मा पुऱ्याए । ५५औं मिनेटमा गोल गर्दै कर्णालीका जर्सी नम्बर ७७ का विक्रम ओलीले गरेपछि गोल अन्तर ३-२ बन्यो । खेलको अन्तिमतिर ९० मिनेटमा गोल गर्दै नाइजेरियाका जर्सी नम्बर २७ का ताजुदिन एडीले जित सुनिश्चित गराए । खेलको म्यान अफ द म्याच बनेका जस्ट जोन एफसीका हम्जात डिमोलाले नगद् ५ हजार रुपैयाँ प्राप्त गरे ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## सेयर बजार दोहोरो अंकले घट्यो



**पाल्पा,** वैशाख २१/सेयर बजारमा दोहोरो अंकको गिरावट आएको छ । सोमबार नेप्से परिसूचक ३४ दशमलव ६३ अंकले घटेर २ हजार ७ सय ४ दशमलव ८ मा अडिएको छ । यो एक दशमलव २६ प्रतिशतको गिरावट हो ।

यसदिन २४१ स्टकको १ करोड ७४ हजार ५२४ कित्ता सेयर ४ अर्ब २६ करोड ५३ लाख ९० हजार २०४ रुपैयाँमा खरिदबिक्री भएको छ । कारोबारमा आएकामध्ये २४४ स्टकको मूल्य घट्दा २७ वटाको वृद्धि भयो । दुई वटाको स्थिर रह्यो । यस दिन फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ । कारोबारमा लघुवित्त समूह सामान्य अङ्कले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ८६, विकास बैंक दुई दशमलव १४, वित्त शून्य दशमलव ९६, होटल तथा पर्यटन एक दशमलव ३५, जलविद्युत् दुई दशमलव २३ र लगानी एक दशमलव ३६ प्रतिशतले घटेको छ । त्यस्तै, जीवन बीमा शून्य दशमलव ४९, उत्पादन तथा प्रशोधन दुई दशमलव दुई दशमलव ५४, म्युचुअल फन्ड शून्य दशमलव ६२, निर्जीवन बीमा शून्य दशमलव ९३, व्यापार एक दशमलव ३८ र अन्य समूह शून्य दशमलव ५० प्रतिशतले घटेको छ ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई